# सप्तरी जिल्ला अदालतबाट जारी भएको

## दसीको सामानहरु फिर्ता लिन आउने बारेको अत्यन्त जरुरी सूचना

उपर्युक्त सम्वन्धमा विभिन्न मितिमा विभिन्न मुद्दाहरुमा दसी स्वरुप दाखिल हुन आई यस अदालतको जिन्सीमा मिति २०७४ माघ मसान्त सम्ममा आम्दानी बाँधिएका सवारी साधन (मोटर साईकल) मध्ये अन्तिम फैसला वा कानूनले कसैले फिर्ता लान पाउने भई फिर्ता लिन बाँकी भए यो सूचना प्रकाशित भएको मितिले १(एक) महिना भित्र आवश्यक सवुदप्रमाण साथ फिर्ता बुझी लिन यस अदालतमा उपस्थित हुन आउनु भनी मुलुकी ऐन दण्ड सजायको २४ नं.तथा जिल्ला अदालत नियमावली, २०५२ को नियम ९०क को उपनियम (१)(२) को प्रयोजनका लागि यस अदालतको मिति २०७४।११।१३ गतेको निर्णय अनुसार सम्बन्धीत सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। प्रस्तुत सूचनाको अवधि भित्र प्रमाणसहित उल्लेखित सवारी साधन फिर्ता वुझी लिन नआएमा कानून बमोजिम लिलाम बिक्री गरी रकम धरौटीमा आम्दानी बाधिने र कानूनका म्याद एक बर्ष भित्र उक्त धरौटी वुझी लिन नआएमा राजस्वमा आम्दानी बाधिने छ। पछि तपाईको कुनै उजुर बाँजुर लाग्ने छैन ।

सूचना प्रकाशित मिति:-२०७४।१२।०१